# बालविवाह,उमेर नपुगी र जबरजस्ती गरिने विवाह र बालश्रम सम्बन्धी अध्ययन प्रतिवेदन

## २०८०

## पिपरा गाउँपालिका
## मधेस प्रदेश, नेपाल सरकार

## मन्तब्य

नेपालका धेरैजसो क्षेत्रमा बालविवाह तथा उमेर नपुगी र जबरजस्ती गरिने विवाहको सामान्य चलन रहेको पाइन्छ, जहाँ तत्काल २० देखि २४ वर्ष उमेर समूहका ४० प्रतिशत महिलाहरूको विवाह १८ वर्षको उमेर भन्दा पहिला नै भएको देखिन्छ । मधेश प्रदेशमा बालविवाह विशेषगरी १५, १८ र २० वर्ष उमेरभन्दा पहिला नै विवाह गर्ने महिलाहरूको संख्या राष्ट्रिय औसतभन्दा बढी भएको देखिन्छ (NDHS 2016) ।
मधेश प्रदेशमा बालविवाहको अत्यधिक व्यापकतालाई ध्यानमा राख्दै यस प्रदेशका मुख्यमन्त्रिले यस मुद्दालाई सम्बोधन गर्ने आफ्नो राजनैतिक इच्छाशक्ति र प्रतिबद्धता प्रदर्शन गर्नु भएको छ । प्रदेश सरकारको अभियान "बेटी पढाऊ, बेटी बचाऊ" यस प्रतिबद्धताको एक उदाहरण हुनुका साथै प्रदेशमा बालविवाह तथा उमेर नपुगी र जबरजस्ती गरिने विवाहलाई घटाउने एक समर्पित अभियान पनि हो, जुन अति नै प्रशंसनीय छन् । यद्यपि, यस प्रदेशले बालविवाह तथा उमेर नपुगी र जबरजस्ती गरिने विवाहका अन्तर्निहित कारणहरूलाई सम्बोधन गर्न र यस्ता अभ्यासलाई जरैबाट समाप्त पार्नका लागि अझ धेरै काम गर्न बाँकी छ जस मध्ये स्थानीय स्तरमा अध्यावधिक तथ्याङ्को उपलब्धता हुनुपर्ने पर्ने पनि मुख्यरुपमा रहेको छ ।

यसै परिपेक्ष्यमा नेपालको मधेश प्रदेशको रौतहट जिल्लामा गर्भवती जाँचको आधारमा २० वर्ष मूनीको तथ्याङ्क हेर्दा सबैभन्दा बढी मौलापुर (२३%) र गौर (२१%) प्रतिशत रहेको देखिन्छ । त्यसैगरी दुर्गाभगवती गाँउपालिकामा समेत बालविवाह सम्बन्धी अध्यावधिक यकिन तथ्याङ्क उपलब्द्ध नरहेपनि स्वास्थ्य संस्थामा स्वास्थ्य पहिलो गर्भवती जाँच गराउन आउने जम्मा गर्भवतीमध्ये २० मुनीको पूर्वप्रसुती जाँच गराउन आउनेको पछिल्लो ३ वर्षकाआ.वको तथ्याङ्क हेर्दा १३ देखि १५ रहेको छ । (HMIS/DHIS-2 2078/2079) यद्धपी गर्भवती जाँचको तथ्याङ्कले मात्र वालविवाहको अवस्था पूर्णरुपले प्रतिनिधित्व गर्न सक्दैन किनकी वालविवाह वा उमेर नपुगी विवाह भएका सबै गर्भवती नहुने र सबैले पालिका अन्तरर्गत कै सरकारी स्वास्थ्य संस्थामा नै जाँच गराउन नआएको हुनसक्ने भएकोले यस सम्बन्धी गाँउपालिकाको वास्तविक वालविवाहको अवस्था थाहा पाउन तथ्याङ्क लिन आवश्यक रहेको थियो ।

तथ्याङ्कमा आधारित रही योजना तर्जुमा गरी वालविवाह अन्त्य गर्न प्रभावकारी कृयाकलापहरु संचालनार्थ यस गाँउपालिकाले आ.व. २०७८/०७९ मा बाल बिवाह र बालश्रम सम्बन्धि गाँउपालिका स्तरमा जनगणना सम्पन्न गरी यो अध्ययन प्रतिवेदन तयार गरिएको छ । अत्याधुनिक प्रविधि (KoBo Tools) , स्थानीय श्रोत र जनशक्ति परिचालनगरी सम्पन्न भएको छ । यस कार्यबाट स्थानीय स्तरमा यस किसिमका अध्ययन अनुसन्धान गर्ने क्षमता विकास भएको छ र भविष्यमा गाँउपालिका आफैले यस्ता अध्ययनलाई अगाडी बढाउन सक्ने छ । यस कार्यमा लाग्नुहुने गाँउपालिकाको कर्मचारीवर्ग, स्थानी बालअधिकार समितिका पदाधिकारीहरु, सम्पुर्ण गणक र सुपरिवेक्षकहरु,आफ्नो अमुल्य समय प्रदान गर्ने सम्पुर्ण गाँउपालिकाबासीहरु र साथै R-CEFM परियोजनाको प्रविधिक सहयोग प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । अध्ययनबाट प्राप्त भएका सूचनाहरुको पूर्ण र सही विश्लेषण गर्दै आगामी दिनमा वालविवाह अन्त्य गर्न प्रभावकारी कृयाकलापहरु संचालन गर्न सदैव तत्पर रहने प्रतिबद्धता समेत ब्यक्त गर्दछु ।

मिति : २०७९/०८/१५ गते

.............................................

रामजानकी यादव
गाउँपालिका अध्यक्ष
पिपरा गाउँपालिका, महोत्तरी

## पृष्टभूमी

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकारको दृष्टिकोणवाट आफैले रोजेको व्यक्ति संग विवाह गर्न पाउने र आफनो भविष्यको मार्गचित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनपर्दछ । यसका लागि प्राय सबै मुलुकहरुले विवाहको लागि न्युनतम उमेर तोकेका हुन्छन्। नेपालको मुलुकी ऐनमा विवाहको लागि कानुनी उमेर २० बर्ष पूरा भए पछि भनि तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संविधानले बाल विवाहलाई पहिलो पटक बालअधिकार हनन्को बिषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ । बाल विवाह उच्च रहेका मुलुकहरु मध्ये नेपाल अग्रपंक्तिमा रहेको छ । दक्षिण एशियामा नेपाल बंगलादेश र भारत पछि तेश्रो स्थानमा पर्दछ । बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनवाट देखिएको छ । यो हुनुमा महिलाभन्दा पुरुषको उमेर सामान्यतया बढी हुन पर्ने समाजिक एवं संस्कृतिक मान्यता, लैंगिक विभेद, गरीबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमूख रुपमा देखिएका छन् । (बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२)

बाल विवाहले बालबालिकाहरूलाई आधारभूत अधिकारबाट बञ्चित मात्र गराउँदैन उनीहरू आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरी बालिका र महिलाको सर्न्दभमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लङ्घन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लङ्घनको श्रृंखला श्रृजना गरी थप हिंसाको कुचक्रमा पर्ने अवस्था रहन्छ ।बाल विवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्व नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरु देखिने, लैंगिक हिंसा,यौनजन्य हिंसा, बालश्रम, वेचविखन जस्ता थप हिंसाहरुले वालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरूको भुमिका / सहभागितालाई न्यून बनाई सभ्य, सुसंस्कृत एवं समतामूलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ। (बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२)

यसै परिपेक्षमा, विगत २ वर्ष देखि अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा जोन्स हप्किन्स सेन्टर फर कम्युनिकेशन प्रोग्राम (सीसीपी)को सहयोगमा बालविवाह,उमेर नपुगी र जबरदस्ती गरिने विवाह न्यूनीकरण सम्बन्धि परियोजना मधेश प्रदेशको २ जिल्लाका ६ गाँउ/नगरपालिकामा संचालन भैरहेकोमा पिपरा गाँउपालिका पनि १ हो । महोत्तरी जिल्लाको जलेश्वर, मटिहानी र लोहारपट्टि ३ वटा नगरपालिको सीमासंग जोडिएको एवम् बीचमा रहेको यस गाँउपालिकामा मधेशमा बासोवास गर्ने मधेशी जातजातीहरुको बासोवास रहेको छ । महोत्तरी जिल्लाको अन्य गाउ/नगरपालिकाहरु जस्तै पिपरा गाँउपालिकामा समेत बालविवाह सम्बन्धी अध्यावधिक यकिन तथ्याङ्क उपलब्द्ध नरहेपनि स्वास्थ्य संस्थामा गर्भवती जाँचको आधारमा २० वर्ष मूनीको तथ्याङ्क हेर्दा यहाँ बालविवाहहुने गरेको देखिएको छ (HMIS/DHIS-2 076-77-078-79) । नेपालमा नयाँ संघिय संरचना आएसंगै अधिकार सम्पन्न स्थानीय तहहरु गठन भएको तर स्थानीय स्तरमा रहेका बालविवाह जस्ता समाजिक समस्याहरु न्यूनीकरणकामा पर्याप्त कार्यक्रम र बजेट विनियोजन हुन नसकिरहेको अवस्था छ । (लक्षित समूह केन्द्रित डिजाईन, गुणात्मक अध्ययन प्रतिवेदन,२०७९) यस

सम्बन्धि आवश्यकता सम्पूर्ण सरोकारवालाहरुले महसुस गरेको भएपनि ठोस तथ्याङ्क उपलब्ध नरहेकोले पर्याप्त वकालत हुन नसकेको अवस्थामा बालविवाह सम्बन्धि अध्यावधिक तथ्याङ्कको आवश्यकता देखिएको छ । गाँउपालिकासंगको सहकार्यमा संचालनमा रहेको बालविवाह,उमेर नपुगी र जबरदस्ती गरिने विवाह न्यूनीकरण लागि स्थानिय प्रणली सुदृढिकरण (R-CEFM) परियोजनाको प्रविधिक सहयोग र गाँउपालिकाको आफ्नै वजेट र जनशक्ति परिचालनगरी जनगणना विधी मार्फत बालविवाह सम्बन्धि अध्यावधिक तथ्याङ्कक संकलनको कार्य सम्पन्न भएको छ । यस जनगणनामा माघ देखि फाल्गुन सम्ममा भएको पालिकाको प्रत्येक घरधुरीमा भएको विवाह सम्बन्धि जानकारीको सथै अन्य जनसांख्यिक सूचकहरु जस्तै परिवार संख्या, शैक्षिक अवस्था,वार्षिक आम्दानी आदी पनि संकलन र विश्लेषण गरिएको छ । यसको साथै अभिभावकहरुको बालविवाह,उमेर नपुगी र जबरदस्ती गरिने विवाह न्यूनीकरण सम्बन्धि धारणा र गाँउपालिकालाई आवश्यक परेको बाल श्रम सम्बन्धि तथ्यांक पनि संकलन गरिएको छ ।

**अध्ययनको उदेश्य :**

- गाउँपालिका स्तरमा बाल बिवाह, उमेर नपुगी र जबरजस्ती गरिने बिवाह सम्बन्धि तथ्यांक संकलन गरी अवस्था मूल्याङकन गर्न ।
- गाउँपालिका स्तरमा समुदाय तथा अभिभावकहरुको बालविवाह, उमेर नपुगी र जबरदस्ती गरिने विवाह न्यूनीकरण सम्बन्धि धारणा र अभिप्रायबारे बुझ्न ।
- गाउँपालिका स्तरमा बाल श्रम सम्बन्धि तथ्यांक संकलन गरी अवस्था पहिचान गर्न ।
- बाल बिवाह, उमेर नपुगी र जबरजस्ती गरिने बिवाह सम्बन्धि पालिकाको अवस्था जनसांख्यिक कारकहरू थाहा पाउन ।

**अध्ययन विधि:**

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाको फोकल पर्सनले (R-CEFM) को कार्यक्रम संयोजकको प्राबिधिक सहयोगमा र पिपरा गाउपालिकाको आयोजनामा तथ्यांक संकलनको लागि गाउँपालिका अध्यक्ष ,उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृतसँग समन्वय गरी लागत खर्च अनुसार बजेटको Breakdown गरी प्रमुख प्रशासकीय अधिकृत कहाँ पेश गरियो । त्यसपछि तथ्यांक संकलनको लागि गाउँपालिका अध्यक्ष ,उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, महिला बालबालिका तथा जेष्ठ नागरिक फोकल पर्सन, शिक्षा संयोजक, स्वास्थ्य संयोजकसँग प्रश्नावलीहरु माथि छलफल गरी टुङ्गो लगाईयो साथै तथ्यांक संकलन गर्ने बिधि र तरिका बारे जानकारी गराईयो । परियोजना सल्लाहकार समितिको बैठक पालिका नगर प्रमुख सुरेश साह सोनारको अध्यक्षतामा राखेर तथ्यांक संकलनको लागि ५४ जना निवेदकहरु मध्ये १८ जना गणक जसमा ११ जना पुरुष र ७ जना महिला छनौट गरियो साथै १ देखि ७ नं. वडामा ३/२ जना को समुह बनाई समग्र सुपरिवेक्षकको रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको सहायक महिला विकासले जिम्मेवारी लिनुका साथै R-CEFM परियोजनावाट प्राविधिक सुपरिवेक्षण भएको थियो । पालिकाले पहिचान गरेका उद्देश्यहरू पछ्याउँदै जनगणनालाई तथ्याङ्क सङ्कलन विधिको रूपमा प्रयोग गरि घरपरिवारको कूल संख्या गणना

गर्न, राष्ट्रिय जनगणना २०११ बाट आएको घरपरिवारको संख्या सहितको वडाहरूको पूर्ण सूची उपलब्ध गराइएको थियो भने २०११ देखि २०२२ सम्मको अनुमानित वृद्धि जनसंख्या परिवर्तनको तथ्याङ्क गाउँपालिकाले उपलब्ध गराएको थियो। द्रुत र उच्च गुणस्तरको स्थानीय स्तरको तथ्याङ्क सङ्कलन सुविधाको लागि **कोबो टुल्स** प्रयोग गरिएको थियो। कोबो टुलबक्स अन्य तथ्याङ्क सङ्कलन विधिको तुलनामा आर्थिक रूपमा प्रभावकारी र समयको हिसाबले बढी प्रभावकारी भएकाले पालिकाले यसको प्रयोग गर्न चासो दिएको थियो । कोबो मार्फत सङ्कलन गरिएको तथ्याङ्क पनि उच्च गुणस्तरको हुन्छ। कोबो टूलबक्सले तार्किक जाँचहरू र पूर्व-भर्न मिल्ने जवाफहरू निर्माण गर्न अनुमति दिन्छ जसले तथ्याङ्क सङ्कलन गर्दा त्रुटिहरू कम गर्छ। यसले सहभागीहरूलाई सान्दर्भिक प्रश्नहरू सोधिएको सुनिश्चित गर्नका लागि गणकहरूलाई इलेक्ट्रोनिक रूपमा स्किप तर्क लागू गर्न अनुमति दिन्छ (जुन कागजमा आधारित तथ्याङ्क सङ्कलन विधिहरू प्रयोग गर्दा म्यानुअल रूपमा गरिन्छ)। यसबाहेक, यो सफ्टवेयरले तथयाङ्क प्रविष्टिको लागि आवश्यक स्रोतहरू बचत गर्दछ र तथयाङ्क सफा गर्न आवश्यक समयलाई पनि घटाउँछ ।

R–CEFM परियोजनाद्वारा प्रदान गरिएको प्राविधिक सहयोगको मुख्य उद्देश्य कोबो एप्लिकेसन प्रयोग गरेर CEFM सम्बन्धित तथयाङ्क सङ्कलन स्वतन्त्र रूपमा सञ्चालन गर्न पालिकाको प्रतिनिधीहरुमा तालिम दिनु थियो ।

चित्र १ : पिपरा गाउँपालिका तथा वडा स्तरीय घरधुरी संख्या


**तथ्यांक संकलन भएको घर संख्या :७,९५६**

**बन्द घर संख्या** :३३८

**अध्ययनमा भाग लिन नमानेको घर संख्या :११**



**८,३०५**



**जम्मा :४३,६२**

पुरुष: **२३,२६२** महिला**:** **२०,३९०**

**वडास्तरीय जम्मा घरधुरी संख्या :**

| वडा नं. | तथ्यांक संकलन भएको घर संख्या | घर बन्द रहेको संख्या | अन्तर्वार्ता दिन नमानेको घर संख्या |
|---|---|---|---|
| १ | १५२९ | १०२ | ७ |
| २ | ७९२ | ९ | १ |
| ३ | ९१७ | २४ | ० |
| ४ | ९५९ | २४ | १ |
| ५ | १३८० | ५४ | १ |
| ६ | १३९६ | २५ | १ |
| ७ | ९८३ | १०० | ० |
| **जम्मा** | **७,९५६** | **३३८** | **११** |

**तलिम**

गणकहरु छनौट कार्य सम्पन्न पश्चात २०७९/१०/१९ गते R-CEFM Team बाट पालिकाका प्रमुख प्रशासकिय अधिकृत र सुपरिवेक्षकहरुलाई KOBO Tools र बाल बिवाहको तथ्यांक संकलनको प्रश्नावलीहरु, KOBO Tools र वडास्तर घरधुरीहरुको अभिलेखको बारेमा जानकारी गराइयो ।सबै गणकहरुलाई प्रत्यक्ष रुपमा KOBO Tools मा तथ्यांक प्रबिष्टि गरी पटक पटक अभ्यास गरिनुको साथै तथ्याङ्क सङ्कलन विधि, अनुसन्धान नैतिकता, र प्रश्नावलीका साथै कोबो एप्लिकेसन प्रयोग गरेर प्रश्नावली फारमहरू कसरी सिर्जना गर्ने भन्ने बारेमा अभिमुखिकरण कार्यक्रम संचालन गरियो ।

त्यसैगरी, मिति२०७९/१०/**२०** गते सम्म सुपरिवेक्षकहरुको नेतृत्वमा R-CEFM Team को प्राबिधिक सहयोगमा र पिपरा गाउँपालिकाको आयोजनामा गाउँपालिका अध्यक्ष ,उपाध्यक्ष प्रमुख प्रशासकिय अधिकृत र १८ जना गणकहरुको सहभागीतामा बाल बिवाहको तथ्यांक संकलन सम्बन्धि २ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरियो । जसमा उनीहरूलाई अनुसन्धान पद्धति, सर्वेक्षणका नैतिकता, र कोबो एप्लिकेसन प्रयोग गरेर तथ्याङ्क सङ्कलन गर्ने विधि वारे प्रस्तुतिकरण एवं भुमिका खेलवाट प्रष्ट रुपमा समापन गरिएको थियो । दुवै अभिमुखीकरण कार्यक्रम पालिकाको आयोजनामा र R–CEFM परियोजनाको प्राविधिक सहयोगमा संचालन भएको थियो ।

**फिल्ड/स्थलगत कार्य**

तथ्याङ्क सङ्कलनको क्रममा, अध्ययन सहभागीहरूलाई अध्ययन, यसको उद्देश्य र यसको महत्त्वबारे परिचय गराइएको थियो। तथ्याङ्क सङ्कलनकर्ताहरूले घरका प्रमुखहरूबाट सूचित सहमति लिए। सूचित सहमतिको एक भागको रूपमा, स्वैच्छिक सहभागितामा जोड दिइएको थियो, र गोपनीयताका पक्षहरूलाई विस्तृत रूपमा व्याख्या गरिएको थियो। यो स्पष्ट गरिएको थियो कि कुनै पनि व्यक्तिगत रूपमा पहिचान गर्न योग्य जानकारी सङ्कलन वा अध्ययन द्वारा संकलित तथयाङ्कसंग सम्बन्धित गरिने

छैनो। अध्ययन कुनै पनि तरिकाले गाउँपालिकाहरूद्वारा प्रदान गरिएको सेवाहरूसँग जोडिएको छैन भनि सहभागीहरूलाई जानकारी गराइयो।

तथ्याङ्क सङ्कलनको उद्देश्य गाउँपालिकाको आन्तरिक प्रयोगको लागि थियो र त्यसैले स्थानीय Institutional Review Board (IRB) पेश गर्न र स्वीकृति आवश्यक पर्दैन । जोन्स हप्किन्स स्कूल अफ पब्लिक हेल्थ IRB द्वारा R–CEFM परियोजनाद्वारा प्रदान गरिएको प्राविधिक सहयोगको लागि सार्वजनिक स्वास्थ्य अभ्यास आवेदन पेश र स्वीकृत गरिएको थियो।

सुपरिवेक्षकहरुले समुदायमा गएर सबै गणकहरुलाई अनुगमन गरी आवश्यक पृष्ठपोषण तथा सर सल्लाह दियो । सबै सपरिवेक्षकहरु र R-CEFM Project Team ले प्रत्येक दिन नियमित रुपमा गणकहरुलाई बारम्बार ताकेता, पृष्ठपोषण तथा सरसल्लाह दिने कार्य भएको थियो। । गाउँपालिकाबाट पनि गाउँपालिका अध्यक्ष,उपाध्क्षय प्रमुख प्रशासकिय अधिकृत, शिक्षा शाखा अधिकृत र महिला वालवालिका सुपरिवेक्षकको उपस्थितिमा तथ्यांक संकलन कार्यको संयूक्त अनुगमन गराई  गणकहरुलाई स्थलगत पृष्ठपोषण  समेत गरिएको थियो ।

गणकहरुले दिनभरी गरेको घरधुरीहरुको तथ्यांक संकलन संख्या र कार्य गर्दा आएको समस्याहरुलाई WhatsApp Group बनाई त्यसमा उल्लेख गर्ने साथै यसैको आधारमा समस्याको समाधान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा गरियो । गणकहरुले तथ्यांक संकलन गर्दा कोड गल्ती गरेको, केही जानकारीहरु छुटेको र केही समस्या आएकोमा सबै गणकहरु र सुपरिवेक्षकहरुलाई बोलाएर छलफल गरी प्रष्ट पारी समुदायमा पुनः पठाइयो । नियमित ताकेता एवं् सल्लाह सुझाव दिदै समुदायमा गएर पनि सहयोग गर्दै सबै गणकहरुले पालिकाको ७ वटै वडामा बाल बिवाह सम्बन्धि तथ्यांक संकलन कार्य सम्पन्न भयो ।

## तथ्याङ्क विश्लेषण

तथ्याङ्क विश्लेषणका लागि R–CEFM परियोजनाको नेतृत्वमा सुपरिवेक्षक पर्यवेक्षकहरूलाई राखी गरिएका तथ्याङ्कका प्रकारहरू र कोबो एप्लिकेसनकाट तथ्याङ्क निकाल्न प्रशिक्षित गरियो। उक्त तालिममा गणकहरुले पठाएको तथ्याङ्कलाई कसरी बुझ्ने, सफा गर्ने, विश्लेषण गर्ने र व्याख्या गर्ने भन्ने विषयमा केन्द्रित थियो।

तथ्याङ्क आवृत्ति र प्रतिशतमा प्रस्तुत गरिएको थियो। भर्खरै भएका विवाहहरूको प्रतिशत पहिचान गर्न १८ वर्ष मुनिका व्यक्ति (बालविवाह), २० वर्ष मुनिका (उमेर नपुगी विवाह), वा २० वर्षभन्दा माथिको उमेरको वर्गीकरण गरिएको थियो  ।

## परिणामहरू


पिपरा गाउँपालिका अर्न्तगतका ७ वटा वडाबाट छानिएका ८,३०५ घरधुरी मध्ये ७,९५६ घरले अध्ययनमा भाग लिएका थिए । गैर-सहभागी परिवारहरू मध्ये, या त कोही पनि घरमा थिएनन् (संख्या ३३८) वा घरको प्रमुख सहभागी हुन सहमत भएनन् (संख्या ११)।

नतिजाहरूलाई बालविवाह (१८ वर्षभन्दा कम उमेरमा विवाहित) र कम उमेरमा विवाह (२० वर्षभन्दा कम उमेरमा विवाह गरेको) भनेर तल प्रस्तुत गरिएको छ।

२ वर्ष ७ महिनाको अवधिमा ७,९५६ घरपरिवार मध्ये  ले आफ्नो परिवारमा छोरा वा छोरीको विवाह भएको रिपोर्ट गरेका छन्। यी घरधुरीबाट जम्मा १००० व्यक्तिगत विवाह भएका छन् । जसमध्ये ४९० छोरी र ५१० छोराको विवाह भएको छ । यस नगरपालिका भित्र छोरा र छोरीको बिहे गरी जम्मा १००० व्यक्तिगत विवाह (बुहारी र ज्वाइँको संख्या बाहेक) भएका छन् ।


चित्र २ : महिला र पुरुषमा भएको विवाहको संख्या

**२ वर्ष ७ महिनाको अवधिमा भएको विवाहको संख्या=१०००**




**बाल विवाहको अवस्था**


चित्र ३(क) : २० वर्ष मूनी र माथीको बालविवाह संख्या



चित्र ३(क) अर्न्तगत पिपरा गाउँपालिकामा विगत २ वर्ष ७ महिना मा पिपरा गाउँपालिकामा भएका १००० विवाहमध्ये बालविवाहको प्रतिशत क्रमशः १८ वर्ष मूनी विवाह हुनेमा छोराको २% छ भने छोरीको १२% र समग्रमा हेर्दा ७% रहेको छ, २० वर्ष मूनी विवाह हुनेमा छोराको ९% छ भने छोरीको ४५% र समग्रमा हेर्दा २७% रहेको छ, २० वर्ष सम्म विवाह हुनेमा छोराको १६% छ भने छोरीको ६९% र समग्रमा हेर्दा ४२% रहेको छ।

त्यसैगरी, सहभागी परिवारहरू बाट २० वर्ष भन्दामाथि विवाह गर्नेमा ३१ % छोरीहरू छन् भने ८४% छोराहरुले २० वर्ष भन्दामाथि विवाह गर्नेमा परेका थिए। जुन छोरीको प्रतिशतको तुलनामा दोब्बर भन्दा बढी रहेको छ। जुन तथ्याङ्कलाई हेर्दा वालविवाह हुनेमा छोरीको प्रतिशतमा एकदमै बढी हुदाँ एकदम सोच्न पर्ने अवस्था रहेका छ ।

**चित्र३(ख) : वडा स्तरीय बालविवाह प्रतिशतमा**




चित्र ३(ख) मा प्रस्तुत वडास्तरीय बालविवाहको तथ्याङ्क प्रतिशतमा पिपरा गाउँपालिकामा ४२ % देखा परेको छ भने वडाहरुमा क्रमशः वडा न १ मा ३१% , वडा न २ मा ४१%, वडा न ३ मा ४९%, वडा न ४ मा ५४%, वडा न ५ मा ४४%, वडा न ६ मा ४६% र वडा न ७ मा २६% रहेको छ। समग्रमा बालविवाहको तथ्याङ्क प्रतिशतलाई हेर्दा सबभन्दा बढी बालविवाह वडा न. ४ मा ५४% रहेको छ भने सबभन्दा कम बालविवाह वडा न. ७ मा मात्र २६% रहेको छ।

**बाल विवाह तथा उमेर नपुगी र जबरजस्ती गरिने विवाहसँग सम्बन्धित जनसांख्यिकीय कारकहरू :**


**जातीयता**

यस पिपरा गाउँपालिकामा विगत २ बर्ष ७ महिनामा १८ वर्ष मुनिका अर्थात बालविवाह भएकाहरूमध्ये अन्य मधेशी तराई जाति समुह ४१ % , तराई जनजाति ४९ %, मधेशी तराई ब्राह्मण क्षेत्री १४ %, मधेशी दलित ५१ % र मुस्लिम ३८ % जातिय समूहका  घरपरिवारका थिए।

त्यसैगरी २ बर्ष ६ महिनामा २० वर्ष माथि विवाह गर्ने घरपरिवारमध्ये अन्य मधेशी तराई जाति समुह ५९% , तराई जनजाति ५१ %, मधेशी तराई ब्राह्मण क्षेत्री ८६ %, मधेशी दलित ४९ % र मुस्लिम ६२% जातिय समूहका रहेका थिए।

तसर्थ, २० वर्ष नपुग्दै विवाह भएका जातजातीमध्ये सबैभन्दा कम प्रतिशत मधेशी तराई ब्राह्मण क्षेत्री (१४%) र सबैभन्दा बढी प्रतिशत मधेशी दलित (५१ %) जातिय समूहमा रहेको पाइयो । त्यसैगरी २० वर्ष माथि विवाह गर्ने कम प्रतिशत मधेशी दलित (४९ %) घरपरिवारबाट थिए भने सबैभन्दा बढी प्रतिशत मधेशी तराई ब्राह्मण क्षेत्री (८६ %) परिवारबाट थिए।

**चित्र ३ (ख) :जातजाती अनुसार २० वर्ष मूनी विवाह भएकोहरुका संख्या**




## शिक्षा

नेपालको शिक्षा प्रणालीको आधारमा शिक्षाको स्तर वर्गीकरण गरिएको थियो । आधारभूत शिक्षाको रूपमा कक्षा १-८, माध्यमिक शिक्षाको रूपमा ९-१२, र स्नातक र माथिको उच्च शिक्षाको रूपमा वर्गीकरण गरिएको थियो। १८ वर्षभन्दा कम उमेरमा विवाह गरेका छोरीहरूमध्ये ५० प्रतिशतले कम्तीमा आधारभूत शिक्षा पाएका थिए भने २८.६%ले माध्यमिक शिक्षा पाएका थिए र २१.४% छोरीहरूले औपचारिक शिक्षा पाएका थिएनन् । यसको तुलनामा, २० वर्ष नपुग्दै विवाह गरेका गरेका ४२.४% छोरीले कम्तीमा आधारभूत तहको शिक्षा पाएका थिए भने २५.४%ले माध्यमिक तहको शिक्षा पाएका थिए । विगत २ बर्ष ७ महिनामा विवाह भएकाहरूको शैक्षिक स्तरको तथ्याङ्कलाई हेर्दा २० वर्ष माथि विवाह गर्नेको शैक्षिक स्तरको तथ्याङ्कलाई हेर्दा अशिक्षितले ४७% , साक्षरले ५९ %, मदरसा ६३%, आधारभूत शिक्षा, ५२ % ले, माध्यमिक शिक्षा ५७ % र ८२% ले उच्च शिक्षा प्राप्त गरेका थिए ।


त्यसैगरी , पछिल्लो २ बर्ष ७ महिनामा विवाह भएकाहरूको शैक्षिक स्तरको तथ्याङ्कलाई हेर्दा र विवाहको उमेर बीचको सम्बन्ध त्यति सन्तुष्टिजनक देखिएको छैन । २० वर्ष नपुग्दै विवाह गरेकाहरूमध्ये अशिक्षितले ५३% , साक्षरले ४१ %, मदरसा ३८%, आधारभूत शिक्षा, ४८% ले, माध्यमिक शिक्षा ४३ % र केवल १८ %ले उच्च शिक्षा प्राप्त गरेका थिए।

चित्र ३(ग) : २० वर्ष मुनी विवाह भएकाहरुको शैक्षिक स्तर संख्यामा



**बालविवाहको सम्बन्धमा अभिभावक/अभिभावकहरूको अभिप्राय**

<u>चित्र ४ : बालविवाहको सम्बन्धमा समुदायको धारणा र चलन</u>




यस पिपरा गाउँपालिकामा बालविवाहको सम्बन्धमा अभिभावक वा अभिभावकको धारणा र चलनवारे ४ वटा प्रश्नमार्फत समुदायको धारणा सम्बन्धि सूचक परीक्षण गरिएको थियो । २ बर्ष ७ महिनाको अवधिमा यस पालिकाले गरेको सर्वेक्षणमा भाग लिइएका ७,९५६ घरधूरी माफ आमाबाबु/अभिभावकहरूलाई सोधेको “२०वर्ष भन्दा कम उमेरका केटीसँग छोराको विवाह गर्नु हुँदैन” भन्ने भनाइसँग ८८% ले सहमत र १२% ले असहमत, त्यसैगरी, “छोरीको विवाह २० वर्षभन्दा कम उमेरमा गर्नु हुँदैन” भन्ने भनाइसँग ८९% ले सहमत र ११% ले असहमत भए भने “२० वर्ष नपुगी केटीको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउदा जटिलताहरू हुने खतरा हुन्छ” भन्न भनाईमा ९६% आमाबाबु/अभिभावकहरू सहमत थिए र ४% असहमत थिए।

त्यसैगरी, “समुदायमा दाइजो कम गर्न २० वर्ष नपुग्दै छोरीहरूको विवाह गर्ने चलन छ” भन्ने प्रश्न सोध्दा कमश; छैनमा ४१ %, केही छ मा ४१%, धेरै छ मा १७ % र अति धेरै छ मा २% बताएका छन्।

**बालश्रमको अवस्था**

बालश्रमको तथ्याङ्कलाई केलाउदा यस २ बर्ष ७ महिनाका अवधिमा श्रमका लागि घरमा राखिएको १ जना र घरवाहिर काममा पठाइएको २१ जना गरी २२ जना बालबालिकालाई बालश्रममा लगाइएको तथ्याङ्कले देखिएको छ ।

| | |
|---|---|
| घरमा राखिएको | १ |
| घरबाट बाहिर गएको | २१ |
| **जम्मा** | **२२** |

**निश्कर्ष र अर्को चरणहरू**

नेपालमा विवाहको लागि उपयुक्त कानुनी उमेर २० वर्ष पुरा भए तापनि यसलाई व्यवहारमा कार्यन्वयन गर्न पुर्ण रुपमा सफल नभएको अवस्था छ। बाल तथा उमेर नपुगी विवाह गर्नु कानुनी अपराध हो । पिपरा गाउँपालिकामा विगत २ वर्ष ७ महीनामा विवाह गर्नेमा बाल तथा उमेर नपुगी विवाहको प्रतिशतमा ४२ प्रतिशत रहेको छ ।

२० वर्ष नपुग्दै विवाह भएका जातजातीमध्ये सबैभन्दा कम प्रतिशत मधेशी तराई ब्राह्मण क्षेत्री (१४%) र सबैभन्दा बढी प्रतिशत मधेशी दलित (५१ %) जातिय समूहमा रहेको पाइयो । त्यसैगरी २० वर्ष विवाह माथि विवाह गर्ने घरपरिवारमध्ये कम प्रतिशत मधेशी दलित (४९ %) परिवारबाट थिए भने सबैभन्दा बढी प्रतिशत मधेशी तराई ब्राह्मण क्षेत्री (८६ %) जातिका समुहबाट  रहेको निष्कर्षले देखाएको छ ।

शैक्षिक स्तरमा विगत २ बर्ष ७ महिनामा विवाह भएकाहरूको शैक्षिक स्तरको तथ्याङ्कलाई हेर्दा २० वर्ष माथि विवाह गर्नेको शैक्षिक स्तरको तथ्याङ्कलाई हेर्दा अशिक्षितले ४७% , साक्षरले ५९ %, मदरसा ६३%, आधारभूत शिक्षा, ५२ % ले, माध्यमिक शिक्षा ५७ % र ८२% ले उच्च शिक्षा प्राप्त गरेका थिए । त्यसैगरी , पछिल्लो २ बर्ष ७ महिनामा विवाह भएकाहरूको शैक्षिक स्तरको तथ्याङ्कलाई हेर्दा र विवाहको उमेर बीचको सम्बन्ध त्यति सन्तुष्टिजनक देखिएको छैन । २० वर्ष नपुग्दै विवाह गरेकाहरूमध्ये अशिक्षितले ५३% , साक्षरले ४१ %, मदरसा ३८%, आधारभूत शिक्षा, ४८% ले, माध्यमिक शिक्षा ४३ % र केवल १८ %ले उच्च शिक्षा प्राप्त गरेका थिए।

यस पिपरा गाउँपालिकामा बालविवाहको सम्बन्धमा अभिभावक वा अभिभावकको धारणा र चलनवारे ४ वटा प्रश्नमार्फत समुदायको धारणा सम्बन्धि सूचक परीक्षण गरिएको थियो । २ बर्ष ७ महिनाको अवधिमा यस पालिकाले गरेको सर्वेक्षणमा भाग लिइएका ७,९५६ घरधूरी माझ आमाबाबु/अभिभावकहरूलाई सोधेको “२०वर्ष भन्दा कम उमेरका केटीसँग छोराको विवाह गर्नु हुँदैन” भन्ने भनाइसँग ८८% ले सहमत र १२% ले असहमत, त्यसैगरी, “छोरीको विवाह २० वर्षभन्दा कम उमेरमा गर्नु हुँदैन” भन्ने भनाइसँग ८९% ले सहमत र ११% ले असहमत भए भने “२० वर्ष नपुगी

केटीको विवाह गर्दा उनीहरूलाई बच्चा जन्माउदा जटिलताहरू हुने खतरा हुन्छ" भन्न भनाईमा ९६% आमाबाबु/अभिभावकहरू सहमत थिए र ४% असहमत थिए।

त्यसैगरी, "समुदायमा दाइजो कम गर्न २० वर्ष नपुग्दै छोरीहरूको विवाह गर्ने चलन छ" भन्ने प्रश्न सोध्दा कमश; छैनमा ४१ %, केही छ मा ४१%, धेरै छ मा १७ % र अति धेरै छ मा २% बताएका छन्।

बालश्रमको तथ्याङ्कलाई केलाउदा यस २ बर्ष ७ महिनाका अवधिमा श्रमका लागि घरमा राखिएको १ जना र घरवाहिर काममा पठाइएको २१ जना गरी २२ जना बालबालिकालाई बालश्रममा लगाइएको तथ्याङ्कले देखिएको छ ।

समग्रमा यस सर्वेक्षणले पिपरा गाउँपालिकामा बाल तथा उमेर नपुगी, जवरजस्ती विवाहको साथै बालश्रमको अवस्थामा तथ्य तथ्याङ्कको प्रमाण प्रदान गरेको छ । सर्वेक्षणबाट आएका परिणामलाई पालिकाले आफ्नो सम्पतिको रुपमा लिई बाल विवाह न्युनीकरण गर्नका लागि भावी कार्य योजनाहरू सूचित गर्न प्रयोग गर्नेछ । तिनीहरूले बाल तथा उमेर नपुगी विवाह लाई सम्बोधन गर्न थप वकालतको लागि आवश्यक प्रमाणहरू प्रदान गर्छन्, बाल तथा उमेर नपुगी, जवरजस्ती विवाह लाई सम्बोधन गर्न काम गर्ने सरोकारवालाहरुलाई सुझाव दिन्छन्, र आमाबाबु/अभिभावकहरू बीच बाल तथा उमेर नपुगी विवाह सँग सम्बन्धित अभिप्राय र मनोवृत्तिहरू पहिचान गर्छन्। यसबाहेक, उनीहरूले बाल विवाह न्युनीकरणका लागि आवश्यक स्थानीय स्तरका प्रमाणहरू प्रदान गर्छन् जुन पालिकाले समयको साथ अनुगमन गर्न प्रयोग गर्न सक्छ। प्राविधिक सहयोग र क्षमता सुदृढीकरण मार्फत, आर-सीईएफएम परियोजनाले बाल तथा उमेर नपुगी, जवरजस्ती विवाह सम्बन्धी कार्यक्रम स्थानीय स्तरमा सञ्चालन गर्न पालिकालाई सहयोग गरेको छ ।

**चुनौतीहरु**

- गणक छनौट गर्दा राजनीतिक दवाब आएको र राजनीतिक दवाबमा छनौट भएका गणकहरुको तथ्यांकमा सानो सानो गलती रहेको र बारमबार पुनः सच्याउन परेको ।
- शुरुवातमा गणकहरुलाई KOBO Tools मा प्रबिष्टि गर्न गाह्रो भएको ।
- पालिकाले बाल बिवाह न्यूनिकरणको लागि बजेट छुट्याए पनि रेडबुकमा नराखेको कारणले बजेट दिनको लागि पटक पटक तगेदा गर्नु परेको ।
- अन्तरवार्ता लिदा धेरै जसो घरमा बाल बिवाह भए पनि घरमुलीले बाल बिवाह नभएको जवाफ दिएको ।
- अन्तरवार्ता लिदा समुदायले ग्यास सिलिन्डर पाउँछ भने बादबिवाद गरेको ।
- समुदायको गुनासो तथ्यांक लिन सबै आउँछ तर कसैले केही दिदैन साथै केहि घरमुलिले नगरपालिकाले केहि दिएन भनेर गालि समेत गरेको ।
- केहि घरमुलीले तथ्यांक दिन नमानेको थियो भने केहि घरमुलिले डराई डराई तथ्यांक दिएको ।
- समुदायका घरमुलिलाइ बाल बिवाह सम्बन्धी नियम कानुन थाहा भएकोले २० बर्ष मुनि बिहे भएपनि २० बर्षमा बिहे भएको जनकारी गराएँ ।
- बार्षिक आम्दानी कति सोध्दा जवाफ दिन नचाहेको ।

- सुपरीवेक्षकहरुलाई तथ्यांक संकलनको क्रममा बारमबार ताकेता गर्नु परेको
- KOBO Tools सबै सुपरिवेक्षकहरु र गणकहरुको लगि नयाँ भएकोले पटक पटक यसको बारेमा जनकारी गराई प्रष्ट गर्नु पर्यो ।
- तथ्यांक संकलन गर्ने क्रमम गणकलाई घरमुलीले अभद्र व्यवहार समेत गरेको ।

**सिकाईहरु :**

- पालिकालाई बारम्बार तथा नियमित तागेदा गरी तथ्यांक संकलन कार्य गर्न महिला, बाल बालिका तथा जेष्ठ नागरिक शाखा प्रुमखलाई पेश्की दिन लगाई शरु गराइयो
- गणक छनौट गर्दा महिला, दलित, मुस्लिम र २० बर्ष माथि बिहे गरेको बिवाहित र २० बर्ष सम्म अबिवाहित महिलालाई प्राथमिक्ता दिदा राम्रो भयो ।
- KOBO Tool तथ्याँक संकलनको नयाँ बिधि भएकोले रुचिपुर्ण तथा राम्रो अनुभव भयो ।
- KOBO Tool तथ्याङ्क संकलनको नयाँ बिधि भएकोले रुचिपुर्ण तथा राम्रो अनुभव भयो।
- KOBO Tool मा शुरुमा प्रबिष्टि गर्दा अफठ्यारो भएको तर पछि गर्दै जाँदा सजिलो भयो ।
- आउने दिनहरुमा गणकहरुले कुनै पनि बिषयको तथ्यांक सजिलै संकलन गर्न सक्छ ।
- तथ्याङ्क संकलन सम्बन्धमा समुदायको अहिले पनि नकारात्मक धारणा कायमै रहेको कुरा थाहा भयो।

## अनुसूची :१

### गणक र सुपरिवेक्षकलाई हस्तान्तरण गरिएको सामाग्री तथा सेवा सुबिधाहरु

| क. स. | गणक | सुपरिवेक्षक |
|---|---|---|
| १ | सम्झौता पत्र | मसलन्द (डायरी, डटपेन र माइ क्लियर ब्याग ) |
| २ | ब्याग | अनुगमन भत्ता |
| ३ | मसलन्द (डायरी, डटपेन र माई क्लियर ब्याग) | दैनिक पारिश्रमिक |
| ४ | कोभिड सामग्री | |
| ५ | दैनिक पारिश्रमिक | |

## अनुसूची : ३

## तथ्यांक संकलनका लागि सहभागी भएका सम्पुर्ण गणकहरु तथा सुपरिवेक्षकको बिस्तृत बिवरण

| क्र.स. | नाम थर | ठेगाना | संलंग वडा | फोन नम्बर | सुपरिवेक्षक |
|---|---|---|---|---|---|
| १ | रचाना कुमारी झा | पिपरा गा.पा | १ | ९८४४२७६९४६ | सुपरिवेक्षक |
| २ | राजिब कुमार झा | पिपरा गा.पा | २ | ९८१६८९१४०१ | सुपरिवेक्षक |
| ३ | गगा कुमारी दास | पिपरा गा.पा | ३ | ९८१६८०४३९० | सुपरिवेक्षक |
| ४ | तारा प्रसाद मण्डल | पिपरा गा.पा | ४ | ९८४४५५२५२० | सुपरिवेक्षक |
| ५ | राजु साह सुडी | पिपरा गा.पा | ५ | ९८१७८४५५६७ | सुपरिवेक्षक |
| ६ | रबी विक्रम साह | पिपरा गा.पा | ६ | ९८४४१०८१२० | सुपरिवेक्षक |
| ७ | राजिब झा | पिपरा गा.पा | ७ | ९८४१०९३४९३ | सुपरिवेक्षक |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |